# संघीय संसद
# राष्ट्रिय सभा
## पन्ध्रौं अधिवेशन
बैठक - ९

२०८० फागुन १८ शुक्रबार

अपराह्न १२:०९ बजे

**दैनिक कार्यसूची**

**प्रतिवेदन पेस**

१. **माननीय अनिता देवकोटाले** लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने सभाका सदस्यहरूको तर्फबाट **“निर्वाचन क्षेत्र (प्रदेश) विकास निर्माण, शान्ति सुव्यवस्था लगायत कार्यहरूको अनुगमन, निरीक्षण र मूल्याङ्कनको प्रतिवेदन, २०८०”** सभा समक्ष पेस गर्नुहुने।

२. दिगो विकास तथा सुशासन समितिका माननीय सभापति प्रकाश पन्थले **“नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन, २०८०”** सभा समक्ष पेस गर्नुहुने।

३. विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईले **“खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा १९ को कार्यान्वयन मापन प्रतिवेदन, २०८०”** सभा समक्ष पेस गर्नुहुने।

**व्यवस्थापन कार्य**

४. माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले,

(क) **"विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९** माथि छलफल गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने,

(ख) **“प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०८० पारित गरियोस्”** भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

**राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली छलफल र पारित**

५. राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका **माननीय सभापति सुरेश कुमार आलेमगरले,**

(क) **“राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८० माथि दफावार छलफल सदनमा गरियोस्”** भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुहुने,

(ख) **“राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८० पारित गरियोस्”** भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुहुने।

पद्म प्रसाद पाण्डेय

महासचिव